नेपाल सरकार
शिक्षा मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
(.................................................. शाखा)

फोन नं.: ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड : १६१८०१६६३०७९७

सानोठिमी, भक्तपुर
www.moescdc.gov.np

प.सं. : ०७४/०७५
च.नं. : २६६

मितिः २०७४/१०/१५

**विषयः प्रतिभा पहिचान र छनोट कार्यक्रम सम्बन्धमा ।**

श्री क्षेत्रीय शिक्षा निर्देशनालय
पूर्वाञ्चल, धनकुटा,
श्री क्षेत्रीय शिक्षा निर्देशनालय
मध्यमाञ्चल, हेटौंडा,
श्री क्षेत्रीय शिक्षा निर्देशनालय
पश्चिमाञ्चल, पोखरा,
श्री क्षेत्रीय शिक्षा निर्देशनालय
मध्यपश्चिमाञ्चल, सुर्खेत,
श्री क्षेत्रीय शिक्षा निर्देशनालय
सुदूरपश्चिमाञ्चल, दिपायल,

उपर्युक्त सम्बन्धमा चालु आ.व. २०७४।०७५ को स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने प्रतिभा पहिचान छनोट कार्यक्रम यसै साथ संलग्न प्रतिभा पहिचान कार्यविधि २०७४ का आधारमा तपसिल बमोजिम सञ्चालन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. जिल्लास्तरीय प्रतियोगिता कार्यक्रम चैत्र १५ गतेभित्र सम्पन्न गराउने,

२. क्षेत्रस्तरीय कार्यक्रम २०७४ बैशाख १५ गते भित्र सम्पन्न गरी उत्कृष्ट पाँच प्रतिभालाई काठमाडौँमा सञ्चालन हुने केन्द्रीय प्रतियोगितामा तोकिएको मिति र प्रक्रियाअनुसार सहभागिताका लागि पठाउनु पर्नेछ ।

३. कन्द्रीय प्रतियोगितामा सहभागी हुन आउँदा प्रतिभा पहिचान कार्यविधि २०७४ को बुँदा नं. ५ (ड) अनुसारको सुविधा उपलब्ध हुनेछ , सहभागी र तिनका अभिावकहरुलाई प्रतियोगितामा भाग लिन आउँदा जाँदा सार्वजनिक यातायात (बस) सुविधा उपलब्ध गराइने छ ।

४. प्रतियोगितामा सहभागी विद्यार्थी र उनका अभिभावकलाई जिल्लामा सहभागी हुन विद्यार्थी अध्ययनरत विद्यालयले, क्षेत्रमा सहभागी हुन सम्बन्धित जिल्ला शिक्षा अधिकारीले र केन्द्रमा सहभागी हुन सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशकले कार्यविधि अनुसार सिफारिश गरी पठाउनु पर्ने छ ।

५. प्रतियोगीलाई आफ्नो प्रतिभा प्रस्तुतिका लागि १० देखि १५ मिनेटसम्मको समय उपलब्ध हुनेछ ।

**(नोटः स्थान र समय पछि सूचना पठाई जानकारी गराइनेछ । )**

रामचन्द्र पौडेल
उपनिर्देशक

**बोधार्थ**
श्री ७७ ओटै जिल्ला शिक्षा कार्यालयहरु